# अनौपचारिक शिक्षा पाठ्यपुस्तक गा“उबेसी
# भाग २: एक अध्ययन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय नेपाली भाषाशिक्षा विभागअन्तर्गत स्नातकोत्तर (एम.एड) तह दोस्रो वर्षको पा“चौ पत्र ने.पा.शि.५९८ पाठ्यांशको आवश्यकता पूर्तिका लागि प्रस्तुत

शोधपत्र

राजेन्द्र राई
क्याम्पस रोल नं. ८६/०५८
त्रि.वि.वि. दर्ता नं. ३१८६५९१
परीक्षा क्रमाङ्कः २९१७८/०५८
त्रिभुवन विश्वविद्यालय
शिक्षा शास्त्र सङ्काय
महेन्द्ररत्न क्याम्पस
नेपाली भाषा शिक्षाविभाग
ताहाचल, काठमाण्डौं

२०६५/०६६

# अनौपचारिक शिक्षा पाठ्यपुस्तक गा“उबेसी
# भाग २: एक अध्ययन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय नेपाली भाषाशिक्षा विभागअन्तर्गत स्नातकोत्तर (एम.एड) तह दोस्रो वर्षको पा“चौ पत्र ने.पा.शि.५९८ पाठ्यांशको आवश्यकता पूर्तिका लागि प्रस्तुत

शोधपत्र २०६६


**शोधार्थी**

राजेन्द्र राई

क्याम्पस रोल नं. ८६/०५८

त्रि.वि.वि. दर्ता नं. ३१८६५९१

परीक्षा क्रमाङ्कः २९१७८/०५८

स्नातकोत्तर तह (एम.एड.) द्वितीय पर्ष

त्रिभुवन विश्वविद्यालय

शिक्षा शास्त्र सङ्काय, महेन्द्ररत्न क्याम्पस

नेपाली भाषा शिक्षाविभाग

ताहाचल, काठमाण्डौं

## शोध निर्देशकको मन्तव्य

स्नातकोत्तर तह (एम. एड) दोस्रो वर्षका छात्र राजेन्द्र राईले 'अनौपचारिक शिक्षा पाठ्यपुस्तक गाउँबेसी भाग दुई एक अध्ययन' शीर्षकको शोधपत्र मेरो निर्देशनमा रही तयार पार्नु भएको हो । यस शोधकार्यमा शोधार्थीको अध्ययन बाट म सन्तुष्ट छु । आवश्यक मुल्याङ्कनको लागि सिफारिस गर्दछु ।

शोध निर्देशक

श्री शारदारमण नेपाल

नेपाली भाषा विभाग शिक्षाशास्त्र सङ्काय

महेन्द्ररत्न क्याम्पस, ताहाचल, काठमाडौँ

मिति २०६६/०३/०३

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा, विभागअर्न्तगत महेन्द्ररन्त क्याम्पस ताहाचल, काठमाडौंमा स्नातकोत्तर तह (एम. एड.) द्वितीय वर्षका छात्र राजेन्द्र राईले नेपाली शिक्षा विषयको पाठ्यक्रम अनुरुप नेपाली शिक्षा पाँचौं पत्रको पाठ्याशं ५९८ को लागि 'अनौपचारिक शिक्षा पाठ्यपुस्तक गाउँबेसी भाग दुईः एक अध्ययन' शीर्षकमा तयार गरेको यो शोधपत्र स्नाकोत्तर उपाधिका निम्ति उपयुक्त ठहरिएकाले स्वीकृति प्रदान गरिएको छ ।

### मूल्याङ्कन समिति

| क. सं. | नाम | सही |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| ४. | | |
| ५. | | |

मिति २०६६। । ।

## कृतज्ञता ज्ञापन

अध्ययन अनुसन्धान कार्य स्वयम् एक जटिल र गहन विषय हो । सम्बन्धित विषयको अध्ययनमा विधि र तर्कसंगत प्रक्रियाको अबलम्बन गरी नयाँ तथ्य पत्तालगाई त्यसको व्याख्या परीक्षण र अनुसन्धान गरिने भएकाले यसलाई सहज ढङ्गबाट हेर्न सकिन्न । प्रस्तुत गर्न लागिएको शोधकार्यका लागि कडा परिश्रम र धैर्यको खाँचो प-यो र नयाँ नयाँ जानकारीहरु पनि यस अध्ययनका क्रममा फेला परेका छन् । त्रि. वि. वि. शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह (एम. एड) द्वितीय वर्षको पाँचौ पत्रका निमित्त पाठ्यांश ५९८ को प्रयोजनार्थ 'अनौपचारिक शिक्षा पाठ्यपुस्तक गाउँबेसी भाग दुई : एक अध्ययन' शीर्षकमा यो शोधपत्र तयार भएको छ । यस अध्ययनबाट अनौपचारिक शिक्षालांई अनौपचारिकतामा मात्र सीमित नराखी अझ प्रभावकारी र जीवनमूलक रुपमा कसरी लैजान सकिन्छ ? भन्ने कुराको हेक्का राख्न सहयोग पुग्नेछ भन्ने मैले विश्वास लिएको छु ।

आफ्नो अनेकौं कार्यव्यस्तताका बावजुद पनि यस शोध अध्ययनका लागि शीर्षक चयनदेखि अध्ययन समापन समय सम्म आफ्नो अमूल्य विचार, सल्लाह, सुझाव तथा मार्गदर्शन दिएर सहयोग पुऱ्याउनु हुने नेपाली भाषा शिक्षा विभागीय प्रमुख आदरणीय गुरु श्री शारदारमण नेपालज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु । त्यस्तै यस शोध लेखनमा आफ्नो महत्वपूर्ण समय दिएर यथोचित सल्लाह सुझाव दिनु हुने गुरुहरूप्रति विनम्रतापूर्वक हार्दिक आभार प्रकट गर्दछु । त्यस्तै यस शोध अध्ययनका क्रममा आफ्नो समय अभावका बावजुद पनि समय दिएर लेखन कार्यमा सहयोग गर्नु हुने र हौसला प्रदान गर्नु हुने सहृदय मित्र उप प्रध्यापक श्री शेखर अर्याल ज्यूले पनि धेरै सहयोग गर्नु भएको छ । यस अर्थमा उहाप्रति पनि आभार प्रकट गर्न चाहन्छु । शोध पत्र निर्माण कै क्रममा अनौपचारिक शिक्षा केन्द्र सानो ठिमी भक्तपुरका शाखा अधिकृत गंगा सुनुवार ज्यूलाई पनि सहयोगका लागि

मुरीमुरी धन्यवाद टक्र्याउन चाहन्छु । वाहाले सम्पूर्ण आवश्यक पुस्तक, पत्र, पत्रिका आदि डकुमेन्टहरू उपलब्ध गराइदिनु भएको थियो । अध्ययन सिलसिलामा आवश्यक अनौपचारिक पाठ्यपुस्तक तथा पाठ्यसामग्रीहरु उपलव्ध गराइदिनु हुने ललितपुर जिल्ला शिक्षा कार्यालयका शाखा अधिकृत श्री प्रकाश सुवेदीज्यूलाई पनि धन्यवाद टकयाउन चहान्छु । यसै क्रममा अनौपचारिक शिक्षा केन्द्रबाट प्रकाशन हुने पाठ्यपुस्तक गाउँबेसी भाग दुईका छपाई कार्यमा संलग्न छापाखानाका व्यवस्थापकज्यूलाई पनि धन्यवाद दिन चाहन्छु । यसै सिलसिलामा आवश्यक सरसल्लाह तथा सुझाव दिनु हुने सिविनका कुमार भट्टराईज्यूलाई पनि सम्झन चाहन्छु । त्यस्तै गरी यस शोध पत्रलाई कम्प्युटर टाइप गरी उचित सल्लाह सुझाव दिनु हुने श्री राजेन्द्र महर्जन प्रति पनि आभारी छु । यस शोध पत्रलाई अन्तिम रूप दिई समयमा प्रकाशन ल्याउनको लागि सहयोग गरिदिनु हुने रजनी महर्जन प्रति पनि आभार व्यक्त गर्न चाहान्छु । साथै यस शोधपत्र तयार पार्नका लागि आवश्यक सन्दर्भ सामग्रीका रूपमा लिइएका पाठ्यपुस्तक पुस्तिका, पत्रपत्रिका, लेखक सम्पादक तथा प्रकाशकहरू प्रति पनि आभारी रहन्छु ।

अन्त्यमा यस शोध लेखनका कार्यमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण मित्रजन, गुरु र महानुभावहरूलाई धन्यवादको पात्र बनाउन चाहन्छु ।

मिति : २०६६/०३/२० **शोधार्थी**

राजेन्द्र राई

# शोधसार

## १. शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक "अनौपचारिक शिक्षा पाठयपुस्तक गाउँबेसी भाग (२) एक अध्ययन" रहेको छ ।

## २. शोधका उद्देश्यहरु

प्रस्तुत शोधका निम्नलिखित उद्देश्यहरु रहेका छन् ।

२.१ अनौपचारिक शिक्षा पाठ्यक्रम अनुसार पाठ्यसामाग्रीहरु निर्माण भएका छन् वा छैनन् भनी अध्ययन गर्नु,

२.२ पाठ्यपुस्तक र पाठ्यसामग्रीहरु लक्षित समूहको आवश्यकता अनूकूल भए नभएको अवगत गर्नु ।

२.३ पाठ्यक्रमले तोके अनुसार बिधागत पाठहरुको स्तर र शैक्षणिक उपयोगिता केलाउनु,

## ३. शोध विधि :

(क) शोध क्रममा मुख्यतः पुस्तकालयीय विधिको उपयोग गरिएको छ ।

(ख) आंशिक रुपमा क्षेत्रगत विधिको पनि उपयोग गरिएको छ ।

अध्ययन विश्लेषण क्रममा पाठयपुस्तकीय सामाग्रीलाई मुख्य स्रोतमा लिएको हुनाले यसैसँग सम्बन्धित व्याख्या र विश्लेषणहरु प्रस्तुत गरिएका छन् । पाठ्यक्रम अनुसार प्रस्तुत पाठ्यपुस्तकमा राखिएका शिक्षण सामग्री विशेषत : भाषिक सामग्री कक्षामा पढाइने प्रौढहरुको लागि जीवनमूलक ज्ञान र सिप प्रदान गर्न कति उपयोगी छन् र यी सामग्रीले पाठयक्रमको लक्ष्य तथा उद्देश्य पूरा गर्छन्, गर्दैन् ? यिनै तथ्य पत्ता लगाउँने प्रयासमा गाउँबेसी भाग २ मा समाविष्ट पाठहरुलाई लक्षित समूहको सम्भावित बौद्धिक क्षमता अनुकूल भाषिक सीप सामाजिक, आर्थिक साँस्कृतिक परिवेश, प्रौढहरुको बौद्धिक क्षमता र तदनुकूल अभ्यास तथा नागरिक सचेतना, अधिकार घरायसी समस्या बोध र समाधान, न्याय कानून तथा वातावरण

संरक्षण लगायत समसामयिक आवश्यकताको पूर्तिको अपेक्षाक (अपेक्षा) आधारमा प्रत्येक पाठहरुलाई क्रम अनुसार व्याख्या तथा विश्लेषण गरिएको छ ।

अनौपचारिक शिक्षा पाठ्यक्रमलाई पनि आधारभूत तहका पाठयक्रम, अध्ययन तहको पाठ्यक्रम र स्वाध्ययन तहको पाठ्यक्रमलाई यिनिहरुको ढाँचा अनुरुप ब्याख्या तथा विश्लेषण गरिएको छ । त्यस्तै गरेर यस अध्ययनका क्रममा प्रस्तुत गरिएका विभिन्न शीर्षक उपशीर्षकहरुलाई शिक्षा नियमावली तथा विभिन्न समयमा प्रकाशनमा आएका पाठ्यपुस्तक तथा पत्र पत्रिकाहरुलाई स्रोतका आधारमा संलग्न गराईएको छ । परिणाम स्वरुप यस शोधपत्रले आगामि दिनहरुमा अनौपचारिक शिक्षामा देखिएका सबल र दूर्वल पक्षहरुको हेक्का राख्दै अन्य प्रक्रियाहरुको लागि अवश्यपनि सहयोग पुऱ्याउने देखिन्छ ।

अध्ययन कै क्रममा अनौपचारिक शिक्षा कक्षा सञ्चालन, निरीक्षण प्रक्रियाहरु पनि भएका छन् । यसै सन्दर्भमा ललितपुर सातदोबाटो स्थित प्रेरणा विद्यालयमा (जहाँ महिलाहरु मात्र अध्ययन गर्ने गर्छन) गएर शिक्षक तथा विद्यार्थी प्रश्नावलीको सहायताले यस शिक्षा सम्बन्धीत थप जानकारी जुटाउने प्रयास गरिएको छ । प्रश्नावलीको आधारमा गरिएको थप अध्ययनबाट यहाँको विभिन्न शैक्षिक गतिविधि, प्रौढहरुको गतिविधि र अन्य क्रियाकलापहरुको बारेमा थोरै भएपनि थप जानकारी हासिल गरिएको छ ।

प्रस्तुत शोध पत्रमा अनौपचारिक शिक्षा पाठ्यक्रममा निर्धारित पाठ्ष्पुस्तक गाउँबेसी भाग २, को अध्ययन तथा विश्लेषणले निरक्षर प्रौढ महिला तथा बालबालिकाहरुको स्तर, रुचि, क्षमता अनुसार प्रयुक्त पाठहरु तथा विषयवस्तुहरुले कतिको प्रभावकारी भूमिका निर्वाह गरेको छ ? भन्ने कुरालाई मध्यनजर राख्दै प्रत्येक पाठहरुको पाठ्यक्रम अनुसार ब्याख्या तथा विश्लेषण गरिएको छ । अनौपचाकिरक शिक्षा पाठ्यक्रम तथा पाठ्यपुस्तक बीचको अर्न्तसम्बन्ध केलाई सुधारात्मक बाटो तर्फ लग्न यस शोधले सहयोग पुऱ्याउने छ । औपचारिक होस या अनौपचारिक शिक्षा, दुबैको खास उद्देश्यभनेको, शिक्षामा थप, दक्ष, सिपयुक्त अथवा त्यस विषयमा पारंगत बनाउनु नै हो । त्यस कारण कुना विषयबाट के कस्ता कुराहरुलाई सिक्न सक्दछन्, कस्तो सिक्ने क्षमता राख्दछन्, भन्ने कुरा महत्वपूर्ण हुन्छ । यस कुरालाई पाठ्यक्रम निर्माता तथा पाठ्यपुस्तक निर्माताले विशेष चासोको साथ हेर्नु पर्दछ । जे होस पाठ्यक्रम तथा पाठ्यपुस्तक वास्तविक रुपमा देशकाल, परिवेश, वातावरण समय अनुकूल, सामाजिक आर्थिक र शिक्षकारुहरुको रुचिसँग समन्वय राख्ने खालको हुनुपर्छ । यसर्थ यस शोधपत्रले

अवश्य पनि यी माथिका तथ्यहरुलाई समावेश गर्न थप सहयोग पुऱ्याउने छ । यसरी पाठ्यक्रम तथा पाठ्यपुस्तक विश्लेषणात्मक अध्ययनले निरक्षर प्रौढहरु प्रतिको रुचिलाई अझ बढि उत्प्ररित गर्न सहयोग मिल्नेछ। प्रौढहरुको रुचि, क्षमता, स्तर, पूर्वज्ञान आदिका आधारमा पाठ्यक्रम तथा पाठ्यपुस्तकहरु निर्माण भएका छन् की छैनन् ? भन्ने कुराको आँकलन गर्न सकिने हुँदा सो शोधले थप केहि सहयोगको भूमिका निर्वाह गर्ने छ। पाठ्यपुस्तकमा समावेश गरिएका विषयबस्तुको सवल र दूर्वल पक्षहरुको किटान गरी सुझावहरु प्रस्तुत गर्न र भावी पुस्ताहरुका निम्ति मार्ग दर्शन गर्न सहयोग पनि मिल्नेछ । निरक्षर प्रौढ महिला तथा बालबालिकाहरुको लागि ध्यान एकिकृत गर्ने खालका विषय वस्तुहरु प्रति यो अयध्यय केन्द्रित भएकाले स्तर अनुकुल छ वा छैन, सही वातावरण ,स्थान र समयको छनोट भएको छ कि छैन भन्ने कुराको अध्ययन गरेर गाउँवेसी भाग दुई पाठ्यपुस्तकले दिन खोजेको वौद्धिकता र स्तरीयता प्रति यो शोधपत्र लक्ष्यित छ।

१. **सवल पक्ष :**

क) साक्षरता तह पार गरेका प्रौढ महिलाहरुलाई, स्वभिमान र स्वावलम्बन ब्यक्तित्वको विकासमा सहयोग पुऱ्याउनु,

ख) पाठ्यपुस्तक गाउँवेसी भाग २ का सम्पुर्ण पाठहरु महिला उत्थान र विकासका लागि उपयुक्त विषय वस्तुको प्रयोग गरी निर्माण हुनु,

ग) अत्यन्तै पिछडिएका र विभिन्न वर्गका महिलाहरुका लागि दैनिक जीवन यापन गर्न उचित व्यवहारिक ज्ञान सीप प्रदान गर्न सक्षम देखिनु,

घ) पाठमा प्रयुक्त भाषिक र शैक्षणिक उपयोगिताका दृष्टिले पाठका पाठ्य सामग्रीहरुको सही संयोजन हुनु,

ङ) दैनिक व्यवहारिक जीवनका लागि आवश्यक पर्ने गणितीय सीपको ज्ञान आर्जनका लागि गणित अभ्यासहरुको प्रयोग हुनु,

च) समाजमा देखिएका विकृति, विसंगति र कुसंस्कारको पहिचान गराई त्यसका विरुद्ध डटेर सामना गरी समुन्नत समाजको निर्माण गर्न गराउन सक्षम देखिनु,

२. **निर्वल पक्ष :**

क)  पाठ्यपुस्तक गाउँवेसी भाग २ मा प्रस्तुत पाठहरु एक अर्कामा अन्र्तसंवन्धित नदेखिनु,

ख)  पाठको सुरुवातमा चित्रहरुको प्रयोग गरी ,प्रत्येक शिक्षार्थीहरुलाई विभिन्न अडकलबाजीमा मात्र फसाउने खालको देखिनु,

ग)  अभ्यासमा प्रस्तुत प्रश्नहरु दूर्वोध्य किसिमले निर्माण गरेको देखिनु,

घ)  प्रश्नहरु लामा लामा देखिनु

ङ)  गणित पाठको प्रयोग नै नगरी अभ्यासहरुको प्रस्तुतिमा निरन्तरता र क्रमिकता नदेखाउनु,

च)  नयाँ र नौला शब्दहरुको अर्थ प्रस्तुत गर्नुमा कन्जुस्याईं गरेको देखिनु,

छ)  ठाउँ ठाउँको अभ्यासमा दिईएका प्रश्नहरु विना पाठ उद्धत गरिनु,

ज)  भाषिक तथा शैक्षणिक उपयोगिताका दृष्टिले पाठहरुलाई उचित रुपमा प्रस्तुत नगरिनु,

झ)  प्रौढ महिलाहरुको क्षमता भन्दा बाहिरको विषयवस्तुको प्रयोग गरी अभ्यासहरुको निर्माण गरिनु,

ञ)  अस्पष्ट चित्रहरुको प्रयोग गरी प्रौढ महिलाहरुलाई अनावश्यक सोच तथा निष्कर्ष प्रति झुकाव राख्न अभिप्रेरित गराउनु ।

# विषय सूची


| क.सं. | विवरण | पृष्ठ संख्या |
|---|---|---|
| **परिच्छेद एक** | | |
| १. | शोधपत्रको परिचय | |
| १.१ | शोध शीर्षक | 1 |
| १.२ | शोध प्रयोजन | 1 |
| १.३ | शोध समस्या | 1 |
| १.४ | शोध उद्देश्य | 2 |
| १.५ | पूर्वकार्यको समीक्षा | 2 |
| १.६ | अध्ययनको औचित्य तथा महत्व | 4 |
| १.७ | अध्ययनको प्रक्रिया | 6 |
| १.८ | अध्ययनको सीमा | 6 |
| १.९ | शोधपत्रको रूपरेखा | 6 |
| **परीच्छेद दुई** | | |
| २. | ऐतिहासिक परिपेक्ष्यमा अनौपचारिक शिक्षा | |
| २.१ | परिचय र इतिहास | 9 |
| २.२ | अनौपचारिक शिक्षाको विकासक्रम | 11 |

२.३ औपचारिक र अनौपचारिक शिक्षामा भिन्नता 17

२.४ अनौपचारिक शिक्षा केन्द्रको परिचय 18

२.५ अनौपचारिक शिक्षा केन्द्रको उद्देश्य 19

२.६ अनौपचारिक शिक्षा विकास केन्द्रको साङ्गठानिक स्वरुप 19

२.७ अनौपचारिक शिक्षाका प्रमुख कार्यक्रमहरू 21

२.७.१ प्रौढ साक्षरता कार्यक्रम 22

२.७.२ महिला शिक्षा प्रथम तह 22

२.७.३ महिला शिक्षा दोस्रो तह 22

२.७.४ साक्षरोत्तर शिक्षा कार्यक्रम 23

२.७.५ वैकल्पिक विद्यालय कार्यक्रम 23

२.७.५.१ प्राथमिक शिक्षा विस्तार कार्यक्रम 23

२.७.५.२ अनौपचारिक प्राथमिक शिक्षा कार्यक्रम 24

२.७.६ बीचमा विद्यालय छाड्ने बालबालिकाको लागि बाल शिक्षा कार्यक्रम 24

२.७.७ आयमूलक कार्यक्रम 24

२.७.८ सामुदायिक अध्ययन केन्द्र 24

२.८ अनौपचारिक शिक्षाको उद्देश्य 25

२.९ नेपालमा अनौपचारिक शिक्षाको महत्व 26

२.१० विभिन्न आयोगको प्रतिवेदनमा अनौपचारिक शिक्षा 27

२.११ शिक्षा नियमावली २०५९ मा अनौपचारिक शिक्षा 29

**परिच्छेद तीन**

३. नेपालमा अनौपचारिक शिक्षा

३.१ स्थिति विकास 31

३.२ अनौपचारिक शिक्षा पाठ्यक्रमको ढाँचा 33

३.२.१ आधारभूत तहको पाठ्यक्रम 33

३.२.२ मध्यम तहको पाठ्यक्रम 35

३.२.३ स्वाध्ययन तहको पाठ्यक्रम 36

३.३ अनौपचारिक शिक्षा पाठ्यक्रमको विश्लेषणात्मक अध्ययन 38

३.३.१ आधारभूत तहको पाठ्यक्रम 39

३.३.२ मध्यम तहको पाठ्यक्रम 39

३.३.३ स्वाध्ययन तहको पाठ्यक्रम 40

३.४ अनौपचारिक पाठ्यक्रमको मध्यम तहमा भाषिक सीप (सुनाइ, बोलाइ, लेखाइ) अंक ज्ञान 41

३.५ अनौपचारिक शिक्षा अन्तर्गत महिला शिक्षा 42

**परिच्छेद चार**

४ साक्षरता कार्यक्रम दोस्रो तहको पाठ्यपुस्तक गाउँबेसी भाग २ sf] विश्लेष्णत्मक अध्ययन..................

४.१ पृष्ठभूमि 44

४.२ गाउँबेसी पाठ्यपुस्तकमा राखिएका बिषयबस्तुको अध्ययन 46

४.२.१ किशोर अवश्थामा आउने परिवर्तन ( पाठ १९) 46

४.२.१.१ पाठ्यक्रम अनुरुपता 46

४.२.१.२ स्थिति सापेक्षता 47

४.२.१.३ उमेर ,रुचि र मानसिक स्तर 48

४.२.१.४ शैक्षणिक उपयोगिता 48

४.२.१.५ भाषिक क्षमता विकास 48

४.२.२ दुर्घटना होला होशियार ( पाठ २०)

४.२.२.१ पाठ्यक्रम अनुरुपता 50

४.२.२.२ स्थिति सापेक्षता 51

४.२.२.३ उमेर ,रुचि र मानसिक स्तर 53

४.२.२.४ शैक्षणिक उपयोगिता 53

४.२.२.५ भाषिक क्षमता विकास 54

४.२.३ सुखको आधार सानो परिवार (पाठ २१)

४.२.३.१ पाठ्यक्रम अनुरुपता 54

४.२.३.२ स्थिति सापेक्षता 55

४.२.३.३ उमेर ,रुचि र मानसिक स्तर 55

४.२.३.४ शैक्षणिक उपयोगिता 56

४.२.३.५ भाषिक क्षमता विकास 57

४.२.३.६ भाषेतर क्षमता विकासको पक्ष 57

४.२.४ कानुन के भन्छ ?(पाठ २२)

४.२.४.१ पाठ्यक्रम अनुरुपता 58

४.२.४.२ स्थिति सापेक्षता 58

४.२.४.३ उमेर ,रुचि र मानसिक स्तर 58

४.२.४.४ शैक्षणिक उपयोगिता 59

४.२.४.५ भाषिक क्षमता विकास 59

४.२.५ श्रम समय र शक्तिको बचत ( पाठ २३)

४.२.५.१ पाठ्यक्रम अनुरुपता 61

४.२.५.२ स्थिति सापेक्षता 62

४.२.५.३ उमेर ,रुचि र मानसिक स्तर 62

४.२.५.४ शैक्षणिक उपयोगिता 63

४.२.५.५ भाषिक क्षमता विकास 64

४.२.६ वित्तिय संस्था (पाठ २४)

४.२.६.१ पाठ्यक्रम अनुरुपता 64

४.२.६.२ स्थिति सापेक्षता 65

४.२.६.३ उमेर ,रुचि र मानसिक स्तर 65

४.२.६.४ शैक्षणिक उपयोगिता 66

४.२.६.५ भाषिक क्षमता विकास 67

४.२.७ हाम्रो सम्पदा (पाठ २५)

४.२.७.१ पाठ्यक्रम अनुरुपता 68

४.२.७.२ स्थिति सापेक्षता 69

४.२.७.३ उमेर ,रुचि र मानसिक स्तर 69

४.२.७.४ शैक्षणिक उपयोगिता 69

४.२.७.५ भाषिक क्षमता विकास 69

४.२.७.६ पाठका अन्त्यमा तयार पारिएका अभ्यासहरुको विश्लेषण 70

४.२.८ घरेलु हिँसा (पाठ २६)

४.२.८.१ पाठ्यक्रम अनुरुपता 72

४.२.८.२ स्थिति सापेक्षता 72

४.२.८.३ उमेर ,रुचि र मानसिक स्तर 73

४.२.८.४ शैक्षणिक उपयोगिता 74

४.२.८.५ भाषिक क्षमता विकास 74

४.२.९ प्रौढ महिलाको समस्या (पाठ २७)

४.२.९.१ पाठ्यक्रम अनुरुपता 74

४.२.९.२ स्थिति सापेक्षता 75

४.२.९.३ उमेर ,रुचि र मानसिक स्तर 75

४.२.९.४ शैक्षणिक उपयोगिता 75

४.२.९.५ भाषिक क्षमता विकास 77

४.२.१० वातावरण संरक्षण सवैको जिम्मेवारी (पाठ २८)

४.२.१०.१ पाठ्यक्रम अनुरुपता 77

४.२.१०.२ स्थिति सापेक्षता 78

४.२.१०.३ उमेर ,रुचि र मानसिक स्तर 79

४.२.१०.४ शैक्षणिक उपयोगिता 79

४.२.१०.५ भाषिक क्षमता विकास 80

४.२.११ साहसी कदम (पाठ २९)

४.२.११.१ पाठ्यक्रम अनुरुपता 80

४.२.११.२ स्थिति सापेक्षता 81

४.२.११.३ उमेर ,रुचि र मानसिक स्तर 82

४.२.११.४ शैक्षणिक उपयोगिता 82

४.२.११.५ भाषिक क्षमता विकास 83

४.२.१२ दाईजो तिलक प्रथा (पाठ ३०)

४.२.१२.१ पाठ्यक्रम अनुरुपता 83

४.२.१२.२ शैक्षणिक उपयोगिता 84

४.२.१२.३ भाषिक क्षमता विकास 84

४.२.१३ आय आर्जनका लागि परियोजना (पाठ ३१)

४.२.१३.१ पाठ्यक्रम अनुरुपता 86

४.२.१३.२ स्थिति सापेक्षता 86

४.२.१३.३ उमेर ,रुचि र मानसिक स्तर 87

४.२.१३.४ शैक्षणिक उपयोगिता 87

४.२.१३.५ भाषिक क्षमता विकास 88

४.२.१४ मितव्ययिता ( पाठ ३२)

४.२.१४.१ पाठ्यक्रम अनुरुपता 88

४.२.१४.२ स्थिति सापेक्षता 88

४.२.१५ गर्भवतीको स्याहारसुसार (पाठ ३३)

४.२.१५.१ पाठ्यक्रम अनुरुपता 89

४.२.१५.२ स्थिति सापेक्षता 89

४.२.१५.३ शैक्षणिक उपयोगिता 90

४.२.१६ प्राणघातक एच.आई.भी. एड्स (पाठ ३४)

४.२.१६.१ पाठ्यक्रम अनुरुपता 91

४.२.१६.२ शैक्षणिक उपयोगिता 91

४.२.१७ नर्सरी र आम्दानी (पाठ ३५)

४.२.१७.१ स्थिति सापेक्षता 92

४.२.१७.२ शैक्षणिक उपयोगिता 93

४.३ छनोट स्तरणका आधारमा गाउँबेसी भाग दुई 93

४.३.१ गाउँबेसी पाठ्यपुस्तकमा राखिएका विषयवस्तु छनोट 94

४.३.२ गाउँबेसी पाठ्यपुस्तकको विषयवस्तुस्तरण 95

**परिच्छेद पाँच**

५. अनौपचारिक शिक्षा कक्षा सञ्चालन अध्ययन

५.१ पृष्ठभूमि 96

५.२ विद्यालय कक्षा सञ्चालन अध्ययन 96

५.३ अध्ययनरत विद्यार्थीहरुको अध्ययन प्रक्रिया सम्वन्धी अध्ययन 97

**परिच्छेद छ**

६ निर्ष्कष तथा सुझाव

६.१ निर्ष्कष 99

६.२ सुझाव 99

**सन्दर्भ सामग्री** **101**

**परिशिष्ट** **102–106**